१८

# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

## कन्काई नगरपालिका
## झापा




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय)

प्रदेश नं.१ र २


visit nepal 2020 Lifetime Experiences

०७६/७७

282

मिति: २०७७/३/२८

...नुखज्यू,

...पालिका,

...लिकाको कार्यालय,

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

...को संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को ... सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी ... छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम ... लागि अनुरोध छ ।

........................

(विन्दु विष्ट)

नायव महालेखापरीक्षक


...4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

...oagnep.gov.np

Web Page: www.oagnep.gov.np

# महालेखापरीक्षकको भनाई



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मापदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन् । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ असाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौँ, नेपाल
Babar Mahal, Kathmandu, Nepal

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या: २०७६/७७

च.नं. ४९८

**प्रादेशिक लेखापरिक्षण**
**महानिर्देशनालय प्रदेश नं १ र २**

मितिः २०७७।३।२८

प्रमुख ज्यू,
नगरपालिका

**विषय : लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

कनकाइ नगरपालिका आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

- पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय बिबरण तयार गरेको छैन ।
- लेखापरीक्षणबाट रु. २० लाख १४ हजार बेरुजू देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने बेरुजू रु. १५ लाख ८७ हजार , प्रमाण कागजात पेश नभएको वेरुजू रु.४ लाख २७ हजार देखिएको छ।
- लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।११।१९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ११ यसैसाथ संलग्न छ ।
- आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व एकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं र यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित हुने वन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(... बिष्ट)
... महालेखापरीक्षक

# कनकाइ नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७५।७६

**रिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक व्यवस्थालाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने कनकाइ नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालीका अर्न्तगत ९ वडा रहेको ५० सभा सदस्य ७९.१ व.कि.मी.क्षेत्रफल, जनसंख्या ...०१४१, १ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम कनकाइ नगरपालिकाले प्राप्त ...को आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७५।०७६ को समग्र ...चत कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

### आर्थिक वर्ष २०७५।७६

### सञ्चित कोषको विवरण

| क्र.स. | आय विवरण | रकम | जम्मा रु. | सि.नं. | व्यय विवरण | रकम रु. | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| १ | **गत आ.व.को जिम्मेवारी** | | ४८५१४५०४ | १ | **खर्च** | | ४०७३३७५८५ |
| | | | | | आन्तरिक आय चालु खर्च | १०४५२४७३ | |
| | | | | | **समानिकरण अनुदान चालु** | २८०८७०३६ | |
| | राजश्व वाडफाड | ० | | | राजश्व वाडफाड केन्द्र सरकार | ५९५१४३२० | |
| | कर्मचारी कल्याणकोष खाता | ७३३०९ | | | प्रदेश राजश्व वाडफाड | २०७४१००४ | |
| | वातावरण विकास कोष खाता | ११७८०३७ | | | सर्सत प्रदेश अनुदान | ३०५००००० | |
| | धरौटी खाता | ६०२७४८७ | | | प्रदेश समानीकरण अनुदान | ३७७०००० | |
| | न पा अनुदान गत | ० | | | सशर्त अनुदान | १४१८१२८०० | |
| | आन्तरिक आय | ३६१३४६५१ | | | समानिकरण अनुदान पुजीगत | ८०७२९८९० | |
| | मर्मत संम्भार कोष | १४३०६१२ | | | आन्तरिक आय पुजिगत खर्च | २८१३००६२ | |
| | प्रकोप व्यवस्थापन कोष | ३६७०४०८ | | | समपुरक अनुदान | ३६००००० | |
| २ | **चालु आम्दानी** | | ४३४३९७६५७ | २ | **अन्य खर्च** | | १३१६७७०२ |
| | राजश्व वाडफाड प्रदेश | २०७४१००४ | | | सडकवोर्ड | ४०००००० | |
| | राजश्व वाडफाड केन्द्र | ५९५१४३२० | | | जी स स | ४३४०००० | |
| | समानीकरण अनुदान | ११८३००००० | | | अन्य न पा अनुदान | ३०००००० | |
| | सशत अनुदान चालु | १४१८१२८०० | | | बैकल्पीक उर्जा | १८२७७०२ | |
| | नपा अन्य न.पा अनुदान | ० | | | | | |
| | आन्तरिक आय | ५०२६७३८८ | | ३ | **अन्य कोषहरुको खर्च** | | ३६३११२२० |
| | प्रदेश समानीकरण सर्सत | ३०५००००० | | | मर्मत संभार कोष | १३७९२५१ | |
| | प्रदेश समानीकरण अनुदान | ३७७०००० | | | प्रकोप व्यवस्थापन | ४९८७४५० | |
| | समपुरक अनुदान | ९४९२१४५ | | | वातावरण विशेष कोष | ० | |
| | | | | | धरौटी | २९९४४५१९ | |
| ३ | **नेपाल सरकारबाट अनुदान** | | १२२५९९५०० | ४ | **अनुदान खर्च** | | १२२४३३३०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मुरुगा खोला पुल | २७००००० | | | नगरक्षेत्र पुर्वाधार भुरुग खोला | २७००००० | |
| | संघियमामीला पूर्वाधार | १०००००००० | | | संघिय मामीला पूर्वाधार | १०००००००० | |
| | प्रधानमनत्रि रेगार कार्यक्रम | २५३२००० | | | एल.जि.सि.डि.पि.चालु | ३०५००० | |
| | एल.जि.सि.पी पी चालु | ३०५००० | | | एन एल आर चालु | २९३५०० | |
| | एन एल आर चालु | २९३५०० | | | | ० | |
| | तराइ मधेश सम्बृधि | १०००००००० | | | तराइ मधेश सम्बृद्धि | १०००००००० | |
| | राष्ट्रपती चुरे | १७१५०००० | | | राष्ट्रपती चुरे मधेश | १७१५०००० | |
| | सामाजिक सुरक्षा भत्ता | ७७११९००० | | | सामाजिक सुरक्षा भत्ता | ७६९५७२०० | |
| | शास्कृतीक प्रर्वधन | २५००००० | | | प्रधान मन्त्री रोजगार | २५३२००० | |
| | | | | | शहिद डिल्ली गौतम | २५००००० | |
| ४ | **अन्य आम्दानी** | | १३०४९८५० | ५ | **अन्तिम मौज्दात** | | ७१९८५२१४ |
| | सडकवोर्ड | ४०००००० | | | राजश्व वाडफाड | ० | |
| | जि. स. स | ४३४०००० | | | कर्मचारी कल्याण कोष खाता | ७३३०९ | |
| | बैकल्पीक उर्जा | १७०९८५० | | | धरौटी खाता | ६९३७५४५ | |
| | अन्य न पा आम्दानी | ३०००००० | | | न पा अनुदान गत | ० | |
| | | | | | समानिकरण अनुदान | ० | |
| ५ | **अन्य कोषहरुको आम्दानी** | | ३८५७००५५ | | मुल संचीत कोष | ५७३४६५२८ | |
| | मर्मत संभार कोष | १५८८१७२ | | | प्रकोप व्यवस्थापन | ४०२६४१७ | |
| | प्रकोप व्यवस्थापन | ५३४३४५९ | | | मर्मत संभार कोष | १६३९५३२ | |
| | वातावरण विशेष कोष | ७८३८४६ | | | वातावरण विशेष कोष | १९६१८८३ | |
| | कर्मचारी कल्याण कोष खाता | ० | | ६ | पेश्की वाकी कार्यालय भवन | | ५८९२१४५ |
| | धरौटी खाता | ३०८५४५७८ | | | | | |
| | **जम्मा** | | ६५७१३१५६६ | | **जम्मा** | | ६५७१३१५६६ |

| लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजु रकम |
|---|---|

**लेखापरीक्षणको क्रममा असुली** - पालिका अन्तरगतको विभिन्न कार्यक्रम सञ्चालन गर्दा वढी भुक्तानी लगायतको देहाय अनुसारको असुली भइ विभिन्न सञ्चित कोष दाखिलाको भौचर पेश छ

| सि.नं | व्यहोरा | रकम | सञ्चित कोष |
|---|---|---|---|
| १ | तलव वढी निकासा र कर | १२३०२० | संघीय |
| २ | सामाजिक सुरक्षा | ४९५८६५८ | संघीय |
| ३ | जनप्रतिनिधिको वढी खर्च | २०३२३५ | स्थानीय |
| ४ | तलव वढी | २८२५० | स्थानीय |
| | **जम्मा** | **५३१३१६३** | |

**लेखापरीक्षणको प्रारम्भीक प्रतिवेदन पठाएपछिको असुली** - पालिका अन्तरगतको विभिन्न कार्यक्रम सञ्चालन गर्दा वढी भुक्तानी लगायतको देहाय अनुसारको असुली भइ विभिन्न सञ्चित कोष दाखिलाको भौचर पेश छ

| सि.नं | व्यहोरा | रकम | सञ्चित कोष |
|---|---|---|---|
| १ | **मुल्य अभिवृद्धि कर** | **२२३९२२१** | **संघीय** |
| २ | वढी भुक्तानी शिक्षक तलव | **८१२५** | **संघीय** |
| ३ | **आयकर** | **११८५०** | **संघीय** |

| | जम्मा | २२५९१९६ | | | |
|---|---|---|---|---|---|

**खर्च गर्ने अख्तियारी र कार्यविधि** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ को आय व्ययको प्रक्षेपण २०७५ असार १८ मा सभावाट स्वीकृत भएको र स्वीकृत भएको ७ दिन भित्र नै प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी उपलब्ध गराएको छ । खर्च गर्ने आर्थिक कार्यविधि नवनाएको कारण आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम संञ्चालन गर्ने उल्लेख गरेको छ ।

**वजेट पेश गर्ने तथा पारीत गर्ने-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनूमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर गाँउ सभाले चालु आर्थिक वर्षको आय व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय व्ययको अनुमानीत विवरण २०७५ आषाढ १० भित्र सम्पन्न गरेको र २०७५।३।१५मा स्वीकृत गरेको छ ।

**आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसवाट कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरीक नियन्त्रण सम्वन्धि अन्य व्यहोराहरु देहायमा उल्लेख छ ।

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था छ तर विमा गर्ने परीपाटीको विकास नभएको
- कार्यलयको स्थायी लेखा नम्वर नलिएको
- प्रत्येक कर्मचारीका पदको कार्य विवरण वनाई लागू नगरेको, (निजामती सेवा ऐन, २०४९ को दफा ५)
- उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान गरी, निराकरण नगरेको, (आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५)
- भूक्तानी भएका सबै विल भरपाईहरुमा भुक्तानी जनाउने छाप नलगाएको, (आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५)
- मर्मत अभिलेखको लागि म.ले.प.फा.नं. २ राख्ने नगरेको,
- जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा सो को कार्यान्वयन नभएको, (आर्थिक कार्यविधि नियमावली २०६४को नियम ५०.३)
- कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको, (आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ९०.१ अनुसुची १४)
- केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख नगरेको,
- भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)
- भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको नपाईएको,
- उपभोक्ता समितिवाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरीद ऐन तथा खरीद नियमावली वमोजिमको खरीद विधि नअपनाएको, (सार्वजनिक खरीद ऐनको दफा ३.१)

आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ ।

**... अनुमान तथा वजेट सिमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा ... हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा ...को सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त ...नले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट ...जुना मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा ...कम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ...ला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेकोले साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन सकिने छनौट गरीनु पर्दछ । वजेट तथा श्रोतको ...थमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउने तर्फ विशेष ध्यान पुग्नु आवश्यक छ ।

**अनुमानमा घटी आय** - नगरपालीकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर, सेवा शुल्क, ...स्तुर वापत अनुमानित रु. ३९५९००००।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु. ...०२६७३८८ .००अर्थात अनुमानको तुलनामा १२७ प्रतिशत वढी आय प्राप्त गरेको छ । आयको अनुमान र वास्तविक प्राप्ति बीच धेरै फरक परेको कारण पहिचान गरी वास्तविक श्रोतको यथार्थता एकिन गरी आय आर्जन गर्ने तर्फ विशेष रुपले ध्यान दिन आवश्यक देखियो ।

**आन्तरिक ऋण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ बमोजिम नगरपालिकाले वित्त आयोगको सिफारिसमा सम्वन्धित सभावाट स्वीकृत गरी उत्पादनशील, रोजगारमुलक, आन्तरिक आयवृद्धि तथा पूंजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । यस नगरपालिकाले यो वर्ष आन्तरिक ऋण लिएको देखिएन

**स्थानीय तथ्यांक र अभिलेख** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख गर्ने कार्यमा भूमिका अगाडी वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

**नमुना विद्यालयको वजेट व्यवस्था** - नेपाल सरकारले सरकारी शिक्षाको गुणस्तर वृद्धि गरी देशमा आवश्यक दक्ष जनशक्ति तयार पार्ने लक्ष्य लिइ साविकका २४० निर्वाचन क्षेत्रमा एक एक विद्यालयलाइ नमुना विद्यालय स्थापना गर्न विद्यालयलाइ गुरुयोजना तयार गर्न लगाएको र विद्यालयले गुरुयोजना तयार गरी स्थानीय सरकार मार्फत शिक्षा तथा मानव विकास श्रोत केन्द्रवाट स्वीकृत गराएको देखियो । सो योजनाको लागि कुल लागत रु.७५,२४,७२,१००।०० रहेकोमा कनकाइ माद्यामिक विद्यालयलाइ यस वर्ष रु.१,५०,००,०००।०० मात्र वजेट पठाएको देखिन्छ । यसरी भएको विनियोजनवाट काम पुरा गर्न करीव ५० वर्ष लाग्ने देखिएकोले सरकारी शिक्षाको गुणस्तर वृद्धि गरी देशमा आवश्यक दक्ष जनशक्ति तयार पार्ने लक्ष्यमा पुग्ने सही मार्ग पहिल्याउन नसकेको हुदा सम्वद्ध सवै पक्षले ध्यान पुरयाउनु पर्दछ ।

**कर्मचारी व्यवस्था** - निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकामा रहने कर्मचारी दरवन्दी एकिन गरी पदपूर्ति कार्य अगाडी बढाएको देखिएन ।

**एकीकृत विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय व्ययको एकिकृत लेखा वनाई पेश गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । गरिवी निवारण कोषको समूहगत परिचालन प्राप्त गर्नुपर्ने श्रोतलाई र म.स्व.से. कल्याणकोषको हिसावमा खुलासा समेत नगरेको स्थिति छ । थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ ।

**वित्तीय जवाफदेहिता पालना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपालिकाले नियम विपरीत कार्यमा रु.२०१३५४५।०० खर्च गरेकोले नियमावलीको पालना गरेको देखिएन ।

**वक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नूपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ती विक्रि, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर

दस्तुरको वडागत लागत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठनुपर्ने राजस्वको समष्टीगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तिको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ ।

**राजश्व कारोबारको लेखा-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भीर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

**रसिद नियन्त्रण खाता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टा गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले राजश्व असूलीमा प्रयोग हुने रसिद के कति छपाई गर्यो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसीद पठाएको हो सो खुल्ने रसीद नियन्त्रण खाता राख्ने नगरेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार नभएकोले रसिदको प्रयोगलाई व्यवस्थित बनाइनु पर्दछ ।

**सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागत समेतसम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसमानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुदा
खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

**बरबुझारथ -** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गरी एकिकृत विवरण तयार गर्नुपर्दछ ।

**सञ्चित कोष -** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानीय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गर्ने व्यवस्थालाई तत्काल कार्यान्वयनमा ल्याउनुपर्दछ ।

**श्रोत नक्सांकन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।

**कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । मिति २०७०।१।१५ को नेपाल सरकारको निर्णय अनुसार कन्टीन्जेन्सीमध्ये ६०% चालु प्रकृतिको र ४०% पुँजिगत प्रकृतिको खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कन्टीन्जेन्सी खर्चको लगत राखी नगरी नहुने

खर्चमा मात्र कन्टीन्जेन्सीबाट खर्च गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

**मुल्य अभिवृद्धि कर असुली नगरेको -** मुल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५४ अनुसार आय ठेक्कामा मुल्य अभिवृद्धि कर असुली गरी दाखीला गर्नु पर्नेमा यस वर्ष पालिकावाट आय ठेक्का वन्दोवस्त भएका तपसिलको कार्यमा मुल्य अभिवृद्धि कर असुली नगरेकोले तत्काल सो रकम असुल गरी संघीय सञ्चित कोष खातामा दाखीला भएको भौचर पेश हुनुपर्ने रु. ८८०५

| सि.नं | ठेक्का लागेको क्षेत्र | ठेक्का लिनेको नाम | ठेक्का कर वाहेक रकम | मुल्य अभिवृद्धि कर |
|---|---|---|---|---|
| १ | दुर्गापुर वजार | सरस्वती किराना पसल | १८१४१५ | २३५८४ |
| २ | सुरुगा वजार | अविन ट्रेडर्स | ३५१३१८६ | ४५६७१४ |
| ३ | घैलाडुव्वा वजार | सरस्वती किराना पसल | ११७३००० | १५२४९० |
| ४ | विज्ञापन कर | इमन वृज नेपाल | ३५३९८४ | ४६०१८ |
| ५ | अमरपथ सडक सुधार कर | नवदुर्गा किराना पसल | ७६५९०२ | ९९५६७ |
| ६ | लक्ष्मीमार्ग सडक सुधार कर | नवदुर्गा किराना पसल | २६५६३६ | ३४५३३ |
| ७ | हिमाली मार्ग सडक सुधार कर | माता श्री ट्रेडर्स | ५२०२९० | ६७६३८ |
| | जम्मा | | ६७७३४१३ | ८८०५४४ |

**शिक्षा सशर्त** आदर्श विद्यामन्दिर मा.विलाइ इन्जिनियरीङ्ग ल्याव स्थापनाको लागि रु.५० लाख निकासा गरेकोमा रु.४१६९१०।०० को तोकिए वमोजिमको कार्य भए नभएको,खरीद भएका समानहरु जिन्सी खातामा चढाए नचढाएको प्रमाण पेश हुनु पर्ने रु. ४१६९१०

**शशर्त अनुदान**

**नर्म्स** - प्रदेश नः १ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(५) मा सरकारी निकायवाट कुनै तालिम, सेमिनार, गोष्ठी कार्यशाला आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रमको तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराउनुपर्ने, त्यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, गोष्ठी कार्यशाला आदि सम्पन्न भई सके पछी कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका माल सामानको विवरण र विल भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाले तालिम तथा गोष्ठी सञ्चालन गर्दा लागत अनुमान तयार नगरी अधिकांश तालिम गोष्ठी सञ्चालन गरेको, खर्चको तेरिज नराखेको, खर्चको जोडजम्मा नगरेको तथा कार्यक्रम पश्चात खर्च देखिने गरी प्रतिवेदन तयारी गरेको पाईएन । कार्यक्रमहरु संचानल गर्दा पेश्की लिएर सञ्चालन गर्नुपर्नेमा अधिकांश कार्यक्रमहरु पेश्की नलिई सञ्चालन गरेको पाईयो । खर्च देखिने गरी प्रतिवेदन तयार नगर्दा तथा जोड जम्मा नगर्दा वास्तविक खर्च एकिन हुदैन । अत : नियमावलीको पालना गरी आर्थिक अनुशासन पालना गर्नुपर्ने देखिन्छ ।

**तलबी प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवी प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारीत गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै दफा ७ ख २ अनुसार तलवी प्रतिवेदन पारीत नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारी वाट असुल गराउनु पर्ने प्रावधान छ । साथै प्रदेश १ प्रदेश सरकारले जारी गरेको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ को दफा २० (२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारीत नगराई तलब भत्ता खर्च लेख्न पाइने छैन । तलबी प्रतिवेदन पारीत नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने छ भन्ने व्यवस्था छ। यस पालिकाले तलबी प्रतिवेदन पारीत वेगर खर्च लेखेको छ । नियमानुसार प्रतिवेदन पास नगराई खर्च लेख्ने पदाधिकारी जिम्मेवारी नभएको अवस्थमा देखिन्छ । अतः तलबी प्रतिवेदन पारीत गेरर मात्र तलब खर्च लेख्नुर्पदछ ।

**कर छुट** - आयकर ऐन २०५८ को दफा ८७ बमोजिम रोजगारीको आयमा निम्नानुसार कर्मचारीको पारीश्रमीक कर कट्टी गर्न छुट भएकोले कट्टीगरी दाखिला गर्नु पर्ने रु ३२८८६

| सि.नं. | कर्मचारीको नाम | जम्मा आय | कट्टी गर्न पाउने | कर योग्य आय | १०% का रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | मे.अ. आठौ दुर्योधन यादव | ५७००२६ | ४९७२०० | ६२८२६ | ६२८२।- |
| २ | म.वि.अ.उमादेवी अधिकारी | ५३८७४४ | ४९४०९९ | ४४६४५ | ४४६४।- |
| ३ | स्टाफनर्स सातौ सरस्वती पाण्डे | ५६९०७८ | ५१९६१६ | ४९४६२ | ४९४६।- |
| ४ | हे.अ. छैटौं राजिव कु. विष्ट | ५२९७१३ | ५१०५५१ | १९१६२ | १९१६।- |
| ५ | अ.न.मी. छैटौं विमला मैनाली | ५४२३५३ | ५१२०९९ | ३०२५४ | ३०२५।- |
| ६ | सि अ.ए.व. इन्द्रहरी भट्टराई | ५२३३१२ | ५०९६५८ | १३६५३ | १३६५।- |
| ७ | सि.अ.हे.व. गंगा न्यौपाने पौडयाल | ५३८७५३ | ५१२०९९ | २६५५३ | २६६५।- |
| ८ | सि.अ.न.मी संगीता अधिकारी | ५२७९१२ | ५१५६५८ | १२२५४ | १२२५।- |
| ९ | सि. अ.हे. व पोषराज त्रिताल | ५६६३१२ | ५२४६५८ | ४१६५४ | ४१६५।- |
| १० | अ.हे.व छैटौं श्याम कु. न्यौपाने | ५६६३१२ | ५४८१५६ | १८१५६ | १८१५।- |
| | | | | जम्मा | ३२८८६ |

सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट र सम्वन्धित खर्च शिर्षक बाट गर्नु पर्नेमा संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम सशर्त अनुदान स्वास्थ्य कार्यक्रम बाट निम्न कर्मचारीलाई मासिक रु ३५०० को दरले प्रोत्साहन भत्ता जम्मा रु ८४०००।- भुक्तानी गरेको पाइयो । स्वास्थ्य तर्फको सशर्त अनुदान कार्यक्रममा कर्मचारी लाई प्रोत्साहन भत्ता सम्वन्धि बजेट व्यवस्था नभएकोले सम्वन्धित बाट असुल गर्नु पर्ने रु ८४०

| सि.नं. | कर्मचारी को नाम | मासिक प्रोत्साहन भत्ता | वार्षिक भुक्तानी |
|---|---|---|---|
| १ | सि.अ.हे.व पोषराज त्रिताल | ३५०० | ४२०००।- |
| २ | सि.अ.हे.व श्याम कु. न्यौपाने | ३५०० | ४२०००।- |
| | | जम्मा | ८४०००।- |

८६- २०७६।२।२७, सदावहार एग्रो भेट्स झापाको मिति २०७६।२।२२ को विलवाट ६४० के.जी. घाँसको विउ रु.१५० को दरले रु.९६,०००। मा खरिद गरेकोमा ६०७ के.जी.को कृषकहरुलाई वितरण गरेको भरपाई पेश भई बाँकी ३० के.जी.को रु.१५०।०० को दरले रु.४,९५०।०० को भरपाई पेश नभएकोले असूल गर्नुपर्ने रु. ४९५

**निशुल्क वितरण हुने औषधिको प्राप्ति, उपयोग र मौज्दातको अवस्था** - यस कार्यालयवाट खरिद भएका र

अन्यत्रवाट हस्तान्तरण भई आएका ५ प्रकारका औषधिको प्राप्ति, उपयोग र मौज्दातको स्थितिको परिक्षण गर्दा देखिएको व्यहोरा देहायवमोजिम रहेको छ ।

| सि.न: | औषधिको नाम | यस वर्षको खरिद तथा प्राप्ति | यस वर्षको खर्च | वाँकी मौज्दात | निशुल्क को लोगो | म्याद सकिने मिति |
|---|---|---|---|---|---|---|
| १ | Ciprofloxacin 500mg | १३००० | १०५०० | २५०० | छैन | July 2020 |
| २ | Paracetemole 500mg | ७४५०० | ४९५०० | २५००० | छ | July 2022 |
| ३ | Amoxicillin 500mg | ५६७०० | ३०८०० | २५९०० | छ | July 2020 |
| ४ | Amoxicillin 250mg | ३६९०० | ३१५०० | ५४०० | छ | July 2020 |
| ५ | Metronidazole 400mg | ३०२०० | १४२५० | १५९५० | छ | July 2022 |

औषधीको मौज्दात प्रणाली स्तरीय हुन सोको प्राप्ति र निकासी विच सन्तुलन कायम रहनु पर्दछ । Authorised Stock Level, Emergeny Order point, औषधी प्राप्त हुने र वितरण समय, Lead time, Maximum consumption आइटम, Minimum consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नु पर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्त प्रकिया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले घटी एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधी रहँदा म्याद भुक्तानी हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको माग पहिचान गरी खरिद र खर्च वीच सन्तुलन कायम गर्नु पर्दछ भने Pushing system लाई निरुन्साहित गरी जनतालाई नि:शुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यानदिनु पर्दछ ।

**हात्तिपाईले कार्यक्रम** - ४६।२०७५।१०।२५, हात्तिपाईले कार्यक्रम अन्तर्गत स्वास्थ्य संयोजक पोषराज त्रितालको पेश्की रु.४,०८,०००। फछ्र्यौट गरेको श्रेष्ता परिक्षण गर्दा प्रदेश न:१ प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७(५) मा सरकारी निकायवाट कुनै तालिम, सेमिनार, गोष्ठी कार्यशाला आदि सञ्चालन गर्दा सो कार्यको कार्यक्रमको तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराउनुपर्ने, त्यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, गोष्ठी कार्यशाला आदि सम्पन्न भई सके पछी कार्यक्रम अनुरुप कार्य सम्पन्न भए नभएको र त्यसमा खर्च गरिएका माल सामानको विवरण र वील भरपाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यबस्था छ । पालिकाले हात्तिपाईले रोग विरुद्धको आम औषधि सेवन (MDA) कार्यक्रम सञ्चालन गर्दा लागत अनुमान तयार नगरी कार्यक्रम सञ्चालन गरेको, खर्चको जोडजम्मा नगरेको, खर्चको तेरिज नवनाएको तथा कार्यक्रम सम्पन्न भए पश्चात खर्च देखिने गरी प्रतिवेदन तयारी समेत गरेको पाईएन । खर्च देखिने गरी प्रतिवेदन तयारी नगर्दा वास्तविक खर्च यकिन नहुने हुनाले अनिवार्य रुपमा प्रतिवेदन लिने व्यबस्था गर्नुपर्दछ ।

**निरिक्षण अनुगमन** - हात्तिपाईलेको औषधि खुवाई सकेपछिको प्रभाव, परामर्श सेवा तथा अभिमुखिकरण कार्यक्रमको स्थलगत निरिक्षण तथा अनुगमन गर्नुपर्ने व्यबस्था अनुरुप अनुगमन खर्च रु.१०,०००।०० लेखेकोमा अनुगमन प्रतिवेदन पेश नभएको रु..

कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७५/७६ मा तराईमा एक स्वास्थ्यकर्मी वरावर दिनको ५० घर परिवारलाई औषधि खुवाउनु पर्ने व्यवस्था छ । स्वास्थ्यकर्मी परिचालन गरी १३० दिनको यातायात र खाजा खर्च वापत रु.९१,३२१। खर्च लेखेकोमा औषधि खुवाएको घरधुरी संख्या पेश नगरेको कारण रु.९१,३२१।०० वास्तविक खर्च हो भन्ने एकिन हुने प्रमाण पेश गर्नुपर्ने रु.

**पुंजीगत तर्फ**

**आयकर** – आय कर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । तर दोमुखा मोटर ड्राइभिङ्ग सेन्टरलाइ रु. १२६०००।०० भुक्तानी गर्दा

१८९००।०० कर कट्टा गर्नु पर्नेमा रु.१८९०।०० मात्र कट्टा गरेकोले घटी रु. १७०१०।०० असुल गरी संघिय राजश्व खातामा जम्मा गर्नुपर्ने रु. १७०१

**मूल्य अभिवृद्धि कर भुक्तानी** - मूल्य अभिवृद्धि कर नियमावली, २०५४ (संसोधन २०७६) अनुसार, ६.५ प्रतिशत मूल्य अभिवृद्धि कर भुक्तानी गर्ने कार्यालयले सम्वन्धित करदाताको खातामा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। तर कार्यालयले देहाय अनुसारको फर्महरुलाइ रु. ४३३४०३।०० मूल्य अभिवृद्धि कर नगरी कट्टा भुक्तानी गरेकोले सो रकम असुल गरी सघीय सञ्चित कोष दाखीला गर्नुपर्ने रु. ५५४२७

| मिति | फर्मको नाम | मूल्य अभिवृद्धि कर | आधा कर |
|---|---|---|---|
| ४१३।२०७६।०३।२० | कुम्भकर्ण कन्स्ट्रसन प्रा.लि. सडक कालोपत्रे धनुष कोटी मार्ग | ८६६८०५ | ४३३४०३ |
| ८४१।२०७६।०२।२१ | सतासी जयलक्ष्मी निर्माण सेवा भुरुङ्गा खोला पुल | २४१७५३ | १२०८७६ |
| जम्मा | | ८६६८०५ | ५५४२७९ |

**वित्तीय विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ। नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन। यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउँदैन भने शीर्षकगत खर्चको अवस्था समेत मुल्याङ्कन गर्न सकिने स्थिति देखिएन।

**उपभोक्ता समिति मार्फत कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने गरेको, योजना हस्तान्तरण नभएकोले उपभोक्ता समितिवाट गराएको सम्वन्धमा नगरसभा, कार्यपालिकाको गम्भीर ध्यानाकर्षण हुनु पर्दछ।

| सि.नं | आयोजनाको नाम | रकम |
|---|---|---|
| १ | अमरपथ सडक पुर्व कालोपत्रे | १००५६३९ |
| २ | धनुषकोटी मार्ग कालोपत्रे | ५११९३६८ |
| ३ | पर्यटक मार्ग कालोपत्रे | १७५०२९७ |
| जम्मा | | ७८७५३०४ |

**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ। कोषको व्यवस्था अनुरुप स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। कनकाइ नगरपालिका अर्न्तगत कार्यरत स्थानीय सेवाका कर्मचारीको लागि सेवा वा पद वाट अलग हुँदा दिनुपर्ने अवकास सुविधाको कल्याण कोष स्थापना नगरेको र यो वर्ष यस्तो दायित्व सिर्जना गरेको छैन। ऐनमा भएको व्यवस्था पालना गरिनुपर्दछ।

**प्राकृतिक तथा व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको तथा सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन। नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन। लेखापरीक्षणका कममा नगरपालिकामा अवस्थित व्यवसायीक संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन। नगरपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ।

**सवारी कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका

| | | |
|---|---|---|
| | सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ । | |
| | **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा नगरपालिकाले कुनै पनि कर संकलन गरेको पाईएन । यस नगरपालीकाको क्षेत्र भित्र बाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३८ | **अनुगमन प्रतिवेदन** - आर्थिक कार्यविधि नियमावली, २०६४ वमोजिम अनुगमन भएका कार्यको प्रतिवेदन पेश गर्नुपर्दछ । नगरपालिकाका विभिन्न पदाधिकारीहरुवाट विभिन्न समयमा योजना तथा अन्य कार्यक्रम सञ्चालनको संभाव्यता अध्ययन, अनुगमन, निरिक्षण तथा भ्रमण भएकोमा अनुगमन तथा निरिक्षण प्रतिवेदन पेश गर्ने व्यवस्था गर्नु पर्दछ । | |
| ३९ | **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागीतामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । तर पालिकाले साना साना योजना छनौट गरेको भएतापनि प्याकेज वनाइ वोलपत्रको माध्यामद्धारा गर्न सकिने सम्भावना हुँदाहुँदै पटक पटक उपभोक्ता समितिवाट कार्य गराएकोले ठूला योजना छनौटलाई प्राथमिकतामा राखि विकास निर्माणलाई मितव्ययी, प्रभावकारी र उपलब्धिमूलक बनाउन सम्वद्ध सवै पक्षको गम्भीर ध्यानाकर्षण हुनु पर्ने देखियो । | |
| ४० | **गुणस्तर परिक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ४१ | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७५।०३।१० मा सम्पन्न नगरपरीषद्बाट पारीत कार्यक्रम र कार्यान्वयनको अवस्था को Follow up Register अभिलेख राखेको नदेखिँदा विश्लेषण गर्न सकिएन । | |
| ४२ | **सामाजिक सुरक्षा भत्ता** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प. स. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको कार्यालयलाई यो वर्ष सामाजिक सुरक्षाको अर्न्तगत कुल रु. ७६९५७२००.०० निकासा अनुसार खर्च गरेको पाइयो । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद-६ दफा १८ (क) मा केन्द्रिय पञ्जिकरण विभागले भत्ता पाउने लाभग्राहीको सम्पूर्ण विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गराउने र दफा १८(ग) मा उक्त पद्धति लागू भएपछि सबै विवरण सो प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय तहको हुने व्यवस्था गरेको छ । केन्द्रिय पञ्जिकरण विभागले व्यवस्था गरेअनुरुप नगरपालिकाले लाभग्राहीको विवरण व्यवस्थापन सुचना प्रणालीमा अद्यावधिक गरी बैङ्क मार्फत भत्ता वितरण गरेको देखिएन । | |
| ४३.१ | जिल्ला समन्वय समितिले तयार गरेको गत आ.व. २०७४/७५ को लगतको आधारमा नगरपालिकाले आ.व. २०७५/७६ मा सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखियो । नगरपालिका सँग आफ्नो अद्यावधिक लगत किताव नभएको तथा व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्टी गरी लगत अद्यावधिक नगरेको अवस्थामा वितरण गरेको सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीले प्राप्त गरे भन्ने सम्बन्धमा आश्वस्त हुन नसकिने हुँदा नगरपालिकाले सम्पूर्ण लाभग्राहीको लगत विवरण व्यवस्थापन सुचना प्रणालीमा प्रविष्ट गरी बैङ्क मार्फत मात्र भत्ता वितरण गर्नुपर्दछ । | |
| ४३.२ | सामाजिक सुरक्षा भत्ता वितरण गर्दा वितरणको भपाईमा परिचय पत्र नं, फोटो राखिनुपर्ने व्यवस्था छ । कार्यालयले सामाजीक सुरक्षा भत्ता वितरण गर्दा वितरणको भर्पाइमा सम्बन्धित लाभग्राहीको परिचय पत्र नं तथा फोटो उल्लेख नगरी वितरण गरेको पाइयो । सम्बन्धित लाभग्राहीको आवश्यक परिचय खुलाई मात्र भत्ता वितरण गरिनु पर्दछ । | |
| ४४ | **बेरुजू** - पालिकाको अन्तिम प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१५ लाख ७३ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ५ लाख ८ हजार र पेश्की रु.शुन्य समेत रु. २० लाख ८१ हजार बेरुजू कायम भएको छ । | |
| ४५ | **वितीय जवाफदेहिताको मूल्यांकन** - कार्यालयको व्यवस्थापकीय पक्ष, वितीय व्यवस्थापन पक्ष, सेवाप्रवाह, खरिद | |

| | |
|---|---|
| व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकन गर्दा कार्यालयले ६३ अंक अर्थात ६३ प्रतिशत ग्रेड (B )प्राप्त गरेको छ। उक्त विषयहरुमा थप सुधार हुनुपर्दछ। | |
| **अनुगमन तथा मूल्याङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले वेरुजू फछ्यौंट गर्नु व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ। | |

| गत वर्षको वेरुजू रकम (रु) (A) | यो वर्ष फछ्यौंट (B) | बाँकी (C=A-B) |
|---|---|---|
| २०३३२ | १९२१२ | ११२० |

**अद्यावधिक वेरुजू स्थिति** - नगरपालीकाको आर्थिक वर्ष २०७५।७६सम्मको फछ्यौंट गर्न बाँकी वेरुजू स्थिति देहाय अनुसार रहेको छ ।

| गत वर्षसम्मको फछ्यौंट गर्न बाँकी (रु)(C) | यो वर्षको सं.पं बाट कायम वेरुजू रु.(D) | यो वर्षको कायम वेरुजू (रु)(E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ११२० | ० | २०८१ | ३२०१ |

# कनकाइ नगरपालीका
## स्थानीय तह सञ्चित कोष विवरण
## २०७५।७६

अनुसूची- १
(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | | व्यय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | मौज्दात |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | कनकाइ न.पा. | झापा | ४८५१४ | ११८३०० | ३८८४३० | १०१८८७ | ६०८६१७ | २६०४४० | २६९३३५ | ४९४७९ | ५७९२५४ | ७७८७७ |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७५।७६

अनुसूची- २
(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | झापा | कनकाइ न.पा. | ३६ | २० | २१६२२ | ० | १२ | १९५४१ | ३६ | ८ | २०८१ | १५७३ | ० | ५०८ | ० | ० | ५०८ | ० | ० | ० |

## अद्यावधिक वेरुजू स्थिति

अनुसुची ३
(रु. हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | गत बर्ष सम्मको बाकी | यो वर्षको फछ्यौंट | बांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजू | यो वर्षको वेरुजू | कुल बाकी वेरुजू |
|---|---|---|---|---|---|---|---|---|
| १ | कनकाइ नगरपालिका | झापा | २०३३२ | १९२१२ | ११२० | ० | २०८१ | ३२०१ |